नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

रामनगर गाउँपालिका वडा नं. ४ सर्लाहीमा मिति २०७५/०७/१३ गते भएको घटनामा परी सोही स्थान का स्थायी वासिन्दा रामविलास महतोको मृत्युप्रति गृह मन्त्रालय गहिरो दुःख व्यक्त गर्दै घाइते व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

मिति २०७५।७।१२ गते भएको घटनामा संलग्न व्यक्तिहरुको खोजी कार्य भई रहेकै समयमा ऐ. १३ गते भएको जघन्य अपराधको घटनाका दोषीहरुलाई कानून अनुसार कडा कारवाही गर्ने विषयमा गृह मन्त्रालय सदैव दृढ रहेको छ।

यस घटनाका पिडित पक्षको मागलाई सम्वोधन गर्दै दोषीको पहिचान गरी अविलम्ब कानून अनुसार कारवाही गर्न नेपाल सरकार, गृह मन्त्रालयबाट देहाय बमोजिम गर्ने गराउने निर्णय भएको व्यहोरा सम्वद्द सबैको जानकारीका लागि अनुरोध छ ।

१. मृतक रामविलास महतोको परिवारलाई राहतस्वरुप नेपाल सरकारले रु. १०,००,०००।- (अक्षेरेपी दश लाख मात्र) जिल्ला प्रशासन कार्यालय सर्लाही मार्फत उपलब्ध गराउने ।
२. मिति २०७५/०७/१२ र ऐ. १३ गते रामनगर गा.पा. वडा नं. ४ मा भएको घटनाको छानवीन तथा अनुसन्धानलाई तीव्रता दिई संलग्न दोषीलाई अविलम्ब पकाउ गरी कानून बमोजिम कारवाही गर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने ।
३. मिति २०७५/०७/१२ र १३ गतेको घटना र सो पश्चातका आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरुको सहज ढंगबाट निःशुल्क उपचारको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत जिल्ला अस्पताल सर्लाहीलाई निर्देशन गर्ने ।
४. उक्त घटना पश्चात उत्पन्न परिस्थितिलाई सहज बनाउदै पिडित पक्षलाई यथाशीघ्र न्याय दिलाउने कार्यमा स्थानीय प्रशासनलाई सहयोग गर्नु सबै नागरिकको कर्तव्य भएको हुँदा मृतक रामविलास महतोको शव बुझी रीति परम्परा अनुसार अन्तिम संस्कार गर्न सम्बन्धित पक्षलाई अनुरोध गर्ने ।

घटनामा संलग्न दोषी पहिचान गर्ने एवं शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा सबैको सहयोग रहने अपेक्षा समेत गरिएको छ ।

मिति: २०७५/०७/१८

रामकृष्ण सुवेदी
प्रवक्ता एवं सहसचिव